सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



आर्थिक वर्ष २०८३/८४ को साउनदेखि असोजमसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

विषयसूची

१.	विभागको स्वरुप र प्रकृति	१
२.	विभागको काम, कर्तव्य र अधिकार	१
३.	कर्मचारी दरबन्दी विवरण	३
४.	विभागबाट प्रदान गरिने सेवाहरु	५
५.	सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख	९
६.	सेवा प्राप्त गर्न नियमानुसार लाग्ने दस्तुर र अवधि	१५
७.	उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी	१५
८.	निर्णय उपर उजुरी सुन्ने अधिकारी	१६
९.	विभागले सम्पादन गरेको कामको विवरण	१६-
१०.	सूचना अधिकारी र प्रमुखको नाम र पद	१८
११.	विभागको कार्य सम्पादनसँग सम्बद्ध ऐन,नियम, निर्देशिका तथा कार्यविधि	१८
१२.	आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण	१९
१३.	आर्थिक वर्ष २०८३/८४ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः	१९

१. विभागको स्वरुप र प्रकृति

सूचना तथा प्रसारण विभागको स्थापना राणा प्रधानमन्त्री मोहनसमशेरको पालामा वि.सं. २००५ सालमा "प्रचार विभाग"को नाममा भएको हो। प्रचार विभाग, प्रेस सूचना विभाग, प्रचार–प्रसार विभाग, सूचना विभाग हुँदै विभिन्न समयमा नाम तथा कार्यजिम्मेवारीमा परिवर्तन हुँदै आएकोमा पछिल्लो समय नेपाल सरकार मन्त्रिपरिषदको सम्वत् २०७५ वैशाख ४ गतेको निर्णयानुसार सूचना तथा प्रसारण विभाग कायम भएको हो।

विभागले प्रारम्भदेखि नै नेपालको भौगोलिक अवस्था, इतिहास, पुरातात्विक सम्पदा, कला, संस्कृति, भेषभूषा, रीतिरिवाज, चाडपर्व तथा नेपालका अन्य विविध पक्ष सम्बन्धी सूचनाहरु प्रचार प्रसार गर्ने र विश्वसामु नेपालको पहिचान गराउँदै आएको छ। विभागले मुख्यतः छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८, छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली, २०४९, राष्ट्रिय प्रसारण ऐन, २०४९, राष्ट्रिय प्रसारण नियमावली, २०५२, रेडियो ऐन, २०१४ र रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ र मन्त्रालयबाट विभिन्न मितिमा प्रत्यायोजित अधिकारको परिधिभित्र रही काम कारबाही गर्ने र कार्यान्वयन गराउने कार्य गर्दछ। यस बाहेक नेपाल सरकारको आधिकारिक फोटोग्राफीको कार्य पनि विभागबाट हुँदै आएको छ।

२. विभागको काम, कर्तव्य र क्षेत्राधिकार

काम र कर्तव्य

नेपाल सरकार र पत्रकारजगत बीच सम्पर्कसूत्रको रूपमा रहेर काम गर्ने समेतको जिम्मेवारी पूरा गर्ने क्रममा हाल सूचना तथा प्रसारण विभागले देहायका कार्यहरू गर्दै आएको छः

१. नेपाल सम्बन्धी विविध सूचनामूलक पुस्तकहरू, नेपाल परिचय, 'नेपाल' द्वैमासिक पत्रिका, क्यालेण्डर तथा डायरी, नेपालः विविधतामा एकता (Nepal : Unity in Diversity) लगायतका सामग्रीहरू प्रकाशन एवं वितरण गर्ने।

२. स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्रदान गर्ने र नवीकरण गर्ने। सञ्चार प्रतिष्ठानका अध्यक्ष, प्रकाशक, व्यवस्थापक र प्रबन्ध निर्देशकको रूपमा काम गर्ने व्यक्तिका लागि पदको परिचयपत्र प्रदान गर्ने।

३. अनलाइन सञ्चार माध्यम दर्ता तथा प्रमाणपत्र वितरण र नवीकरण गर्ने।

४. नेपालमा दर्ता भई प्रकाशन हुने सबै पत्रपत्रिकाहरूको विवरण अध्यावधिक गर्ने।

५. कार्यविधि तथा निर्देशिकामा व्यवस्था भएबमोजिम पत्रकार कल्याण एवं पत्रकार सुरक्षा कार्यक्रमहरू (जस्तैः पत्रकार दुर्घटना बीमा कार्यक्रम) को व्यवस्था गरी पत्रकारहरूको जीवन सुरक्षाको कार्यमा प्रयत्न गर्ने।

६. आधारभूत तथा सेवाकालीन पत्रकारिता तालिम प्रदान गर्ने।

७. विभिन्न सञ्चारगृहमा कार्यरत श्रमजीवी पत्रकारहरूलाई परेका पीरमर्का, गुनासा, उजुरी तथा सुविधा आदि विषयमा श्रमजीवी पत्रकार सम्बन्धी ऐनअनुरूप कार्यान्वयन गर्ने।

८. सूचना प्रवाह र पत्रकारितासँग सम्बन्धित विषयमा पत्रकार भेटघाट, पत्रकार सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, छलफल आदि कार्यक्रम आयोजना गर्ने।

९. राज्य एवं सरकार प्रमुख तथा अन्य विशिष्ट व्यक्तिको विदेश प्रस्थान तथा आगमनको अवसरमा पत्रकारहरूलाई व्यवस्थित गर्ने एवं सम्पर्क अधिकारीको रूपमा कार्य गर्ने।

१०. पत्रकारहरूका लागि परिचयपत्र स्थानीयस्तरमा पुगी प्रदान गर्न घुम्ती शिविर कार्यक्रम सञ्चालन गर्ने।

११. विदेशी राष्ट्राध्यक्ष, सरकार प्रमुख तथा अन्य विशिष्ट व्यक्तिहरूको नेपाल भ्रमणको अवसरमा नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सम्मेलन एवं महत्वपूर्ण अवसरहरूमा आवश्यकता अनुसार 'मिडिया सेन्टर' को व्यवस्था गर्ने।

१२. नेपाल सरकारको औपचारिक फोटोग्राफरको रूपमा कार्य गर्ने र फोटोग्राफीको अध्यावधिक अभिलेख राख्ने। विशेष पर्व र समयमा फोटो प्रदर्शनीको आयोजना गर्ने र माग भएका फोटोहरू वितरण गर्ने।

१३. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी गर्ने।

१४. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम एमेच्योर रेडियोको लाइसेन्स जारी गर्ने।

१५. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्र विक्री-वितरणको लाइसेन्स जारी गर्ने।

१६. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने।

१७. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको यकीन गर्ने।

१८. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो संयन्त्रहरुको आयात सिफारिस गर्ने।

१९. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने।

२०. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम डिजिटल प्रणालीमा परिवर्तन गर्न स्वीकृति दिने।

२१. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाईट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक तथा सिग्नल वितरण गर्नको लागि अनुमतिपत्र जारी गर्ने।

२२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले प्रशारण प्रारम्भ गर्ने अवधि थप गर्ने।

२३. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउने।

२४. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र तथा अनुमतिपत्रको विवरण बदल्ने, अवधि थप र नवीकरण गर्ने।

२५. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्रको प्रतिलिपि दिने।

२६. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानविन गर्ने।

२७. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजत अनुमतिपत्र प्राप्त संस्थाहरुको विदेशी मुद्रा सिफारिस गर्ने।

२८. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम विदेशी कार्यक्रमको प्रसारण अधिकारी (फ्रेन्चाइज) वा विदेशी कार्यक्रमको प्रत्यक्ष प्रसारणका लागि स्वीकृति प्रदान गर्ने।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना तथा प्रसारण विभाग

क्षेत्राधिकार

सूचना तथा प्रसारण विभागको क्षेत्राधिकार देहायबमोजिम रहेको छः

१. प्रेस प्रतिनिधि प्रमाणपत्र, परिचयपत्र जारी तथा नवीकरण,
२. अनलाइन सञ्चार माध्यम दर्ता तथा नवीकरण,
३. पत्रपत्रिका तथा पत्रकारको अभिलेख व्यवस्थापन,
४. सार्वजनिक सूचना व्यवस्थापन र वितरण,
५. प्रेस रजिष्ट्रारको कार्यजिम्मेवारी सम्पादन,
६. सरकारी कार्यक्रमहरूको औपचारिक फोटोग्राफी, संग्रह र वितरण,
७. सूचनामूलक तथा ज्ञानवर्द्धक सामग्रीहरू प्रकाशन तथा वितरण,
८. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको लाइसेन्स जारी, नवीकरण, हक हस्तान्तरण तथा लगत कट्टा गर्ने।
९. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम रेडियो यन्त्रको स्थलगत प्राविधिक निरीक्षण गरी स्वीकृत मापदण्ड बमोजिम सञ्चालन गरे वा नगरेको एकीन गर्ने।
१०. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम प्रसारण संस्थाहरूलाई इजाजतपत्र र अनुमतिपत्र जारी गर्ने, नवीकरण गर्ने, प्रसारण अवधि थप गर्ने तथा अनुमतिपत्रको विवरण बदल्ने।
११. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम भू–उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाईट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्न, कार्यक्रम डाउनलिंक गर्न तथा सिग्नल वितरणको लागि अनुमतिपत्र जारी गर्ने।
१२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम निरीक्षण तथा छानविन गर्ने।



३. कर्मचारी दरबन्दी विवरण

(क) विभागको संगठन संरचना

महानिर्देशक
रा.प.प्रथम (ई/इले.एण्ड टेलि.)-१

प्रशासन शाखा
निर्देशक, रा.प.द्वि.(प्र.)-१
शाखा अधिकृत, रा.प.तृ.(प्र.)-२
कानून अधिकृत, रा.प.तृ.(कानून)-१
नायब सुब्बा, रा.प.अनं.प्रथम(प्र./सा.प्र.)-३
कम्प्यूटर अपरेटर, रा.प.अनं.(विविध)-२
खरिदार, रा.प.अनं.द्वितीय (प्र./सा.प्र.)-२
हलुका सवारी चालक (श्रेणी बिहीन)-२
कार्यालय सहयोगी (श्रेणी बिहीन)-५

फोटोग्राफी तथा प्रेस शाखा
निर्देशक, रा.प.द्वि.(शिक्षा/छविकला)-१
शाखा अधिकृत, रा.प.तृ.(प्र.)-१
कम्प्यूटर इन्जिनियर, रा.प.तृ.(विविध)-१
छविकला अधिकृत, रा.प.तृ.(शिक्षा/छविकला)-२

आर्थिक प्रशासनं शाखा
लेखा अधिकृत, रा.प.तृ.(लेखा)-१
लेखापाल, रा.प.अनं.प्रथम (प्र./लेखा)-१

रेडियो लाईसेन्स व्यवस्थापन शाखा
निर्देशक, रा.प.द्वि.(ईले.टेलि.)-१
इलेक्ट्रोनिक ईन्जिनियर, रा.प.तृ. (ईले.टेलि.)-३
इलेक्ट्रो सहायक, रा.प.अनं.प्रथम (ईले.टेलि.)-१

प्रसारण शाखा
निर्देशक, रा.प.द्वि.(ईले.टेलि.)-१
इलेक्ट्रोनिक ईन्जिनियर, रा.प.तृ. (ईले.टेलि.)-३
इलेक्ट्रो सहायक, रा.प.अनं.प्रथम (ईले.टेलि.)-१



(ख) दरबन्दी तेरिज

सि. नं.	पदको नाम	श्रेणी	सेवा	समूह/उपसमूह	दरबन्दी
१	महानिर्देशक	रा.प.प्रथम	इन्जिनियरिङ	इलेक्ट्रोनिक्स एण्ड टेलिकम	१
२	निर्देशक	रा.प.द्वितीय	प्रशासन	सा.प्र.	१
३	निर्देशक	रा.प.द्वितीय	इन्जिनियरिङ	इलेक्ट्रोनिक्स एण्ड टेलिकम	२
४	निर्देशक	रा.प.द्वितीय	शिक्षा	कला/छविकला	१
५	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सा.प्र.	३
६	कानुन अधिकृत	रा.प.तृतीय	न्याय	कानुन	१
७	इलेक्ट्रोनिक इन्जिनियर	रा.प.तृतीय	इन्जिनियरिङ	इलेक्ट्रोनिक्स एण्ड टेलिकम	६
८	कम्प्यूटर इन्जिनियर	रा.प.तृतीय	विविध	-	१
९	छविकार	रा.प.तृतीय	शिक्षा	कला/छविकला	२
१०	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	१
११	नायब सुब्बा	रा.प.अनं.प्र.	प्रशासन	सा.प्र.	३
१२	लेखापाल	रा.प.अनं.प्र.	प्रशासन	लेखा	१
१३	इलेक्ट्रोनिक सहायक	रा.प.अनं.प्र.	इन्जिनियरिङ	इलेक्ट्रोनिक्स एण्ड टेलिकम	२
१४	कम्प्युटर अपरेटर	रा.प.अनं.प्र.	विविध	-	२
१५	खरिदार	रा.प.अनं.द्वि.	प्रशासन	सा.प्र.	२
१६	कार्यालय सहयोगी	श्रेणीविहीन	प्रशासन	सा.प्र.	५
१७	हलुका सवारी चालक	श्रेणीविहीन	सेवा/समूह	मे/ज.मे	२
				जम्मा	३६

४. विभागबाट प्रदान गरिने सेवाहरु

सूचना तथा प्रसारण विभागको दैनिक प्रशासनिक कार्य महानिर्देशकको नेतृत्वमा सञ्चालन हुँदै आएको छ। विभागको प्रशासनिक, आर्थिक लगायतका अन्य सम्पूर्ण कार्यहरूको जिम्मेवारी वहन गर्नुका साथै विभागको काम तथा कर्तव्य सम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयप्रति महानिर्देशक उत्तरदायी हुने व्यवस्था छ। विभागमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले सम्पादन गर्ने कामको कार्यविवरण यस विभागको व्यवस्थापन तथा सर्वेक्षण हुँदा तयार भएको कार्यविवरण बमोजिम र प्रचलित कानुनमा तोकिएकोमा सोहीबमोजिम हुनेछ।

<u>शाखागत कार्यहरु</u>

(क) प्रशासन शाखा

सूचना तथा प्रसारण विभाग र यस अन्तर्गतका कर्मचारीहरूको प्रशासनिक कार्य सम्बन्धी सम्पूर्ण कार्य र स्वस्थ, मर्यादित, व्यवसायिक तथा संस्थागत पत्रकारिताको विकास तथा श्रमजीवी पत्रकारहरूको हक हित र सुरक्षाको प्रत्याभुति गर्ने कार्य यस शाखाको रहेको छ। यस शाखा अन्तर्गत निम्न एकाइहरू रहेका छन्:



(अ) प्रशासन एकाइ

- कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।
- विभागमा कार्यरत कर्मचारीहरूको अभिलेख अध्यावधिक राख्ने/राख्ने व्यवस्था मिलाउने।
- कार्यालयको भौतिक सामग्रीहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने/गराउने।
- विभागको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने।
- मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने।
- कार्यालय सुरक्षा, सरसफाइ, शौचालय, बगैँचाको व्यवस्थापन नियमित गर्ने/गराउने।
- कार्यालयको कार्यक्रमभित्र रहेर जिन्सी सामग्री खरीद गर्ने, आम्दानी बाँध्ने, माग फाराम अनुसार खर्च गर्ने तथा लिलाम बिक्री सम्बन्धी कार्य गर्ने/गराउने।
- गुनासोहरू यथासक्य व्यवस्थापन गर्ने।
- नागरिक बडापत्र बनाई लागू गर्ने/गराउने।
- कार्यालयको अन्य शाखा र एकाइसँग समन्वय गर्ने।
- सूचनाको हक सम्बन्धी व्यवस्था अनुरुप सूचना उपलब्ध गराउने र अभिलेखाङ्कन गर्ने/गराउने।
- अन्य शाखामा नतोकिएका कार्य समेत गर्ने/गराउने।

(ख) फोटोग्राफी तथा प्रेस शाखा

विभागबाट प्रकाशित हुने विभिन्न प्रकाशनहरूको संकलन, प्रकाशन र वितरण गर्नुका साथै नेपाल सरकारको आधिकारिक फोटोग्राफरका अतिरिक्त प्रेस प्रकाशनसँग सम्बन्धित कार्यहरु यस शाखाले गर्दछ।

(अ) प्रेस एकाइ

- स्वदेशी तथा विदेशी नागरिकलाई निजले पेस गरेको कागजातको आधारमा नियमानुसार स्थायी तथा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र र पत्रकार परिचयपत्र जारी तथा नवीकरण गर्ने।
- पत्रकारिता क्षेत्रलाई निष्पक्ष, स्वतन्त्र, मर्यादित, उत्तरदायी, प्रतिस्पर्धी र भरपर्दो हुन उत्प्रेरित गर्ने।
- नियमानुसार प्रेस सम्मेलन र पत्रकार भेटघाट आयोजना गर्ने।
- पत्रकारिता क्षेत्र आर्थिक एवं भौतिक रूपले आत्मनिर्भर हुनका लागि वातावरण सिर्जना गर्ने।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन तथा नियमावली कार्यान्वयनको अनुगमन एवं पत्रकारको उजुरी सुनुवाई गरी महानिर्देशकसमक्ष पेस गर्ने।
- प्रेस सम्पर्क अधिकृतको काम गर्ने।
- पत्रकार कल्याण सम्बन्धी कार्य गर्ने।

(आ) अनलाइन एकाइ

- पत्रपत्रिका तथा अनलाइन सञ्चारमाध्यमहरूको दता, नवीकरण र अभिलेख राख्ने।

- पत्रपत्रिका प्रकाशनको लागि जिल्ला प्रशासन कार्यालयबाट नामाङ्कनको लागि सोधनी भई आएका विभागको अभिलेखा उक्त नाम भिडाई यकीन गरी सिफारिस गरी पठाउने।
- पत्रपत्रिका स्थायी दताको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने।
- अनलाइन पत्रकारिता क्षेत्रलाई निष्पक्ष, स्वतन्त्र, मर्यादित, उत्तरदायी, प्रतिस्पर्धी र भरपर्दो हुन उत्प्रेरित गर्ने।

(इ) कानुन एकाइ

- प्रचलित कानून अनुरूप विभागले गर्ने काम कार्यवाहीका निर्णय गर्दा कानूनी राय उपलब्ध गराउने।
- इजलाशमा परेका मुद्दाको सम्बन्धमा म्याद बुझ्ने, लिखित जवाफ तयार गर्ने र विभागका तर्फबाट बहस गर्ने।
- सञ्चारगृहसँगको विषयमा उठेका कानूनी विषयमा निरूपणको लागि उचित राय र समाधानको लागि सहजीकरण गर्ने।
- कार्यालयमा गरिने विभिन्न आर्थिक, प्रशासनिक र प्राविधिक निर्णयमा कानूनी राय उपलब्ध गराउने।
- विभागसँग सम्बन्धित मौजुदा कानूनमा संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोको व्यवस्थासहित संशोधन वा परिमार्जनको लागि महानिर्देशक समक्ष पेश गर्ने।

(ई) प्रकाशन एकाइ

- विभागले प्रकाशन गर्ने समाचारिक विषयका सामग्रीहरू प्रकाशन गरी वितरण गर्ने।
- सम्पादक मण्डलको निर्णयानुसार लेख रचना सङ्कलन गरी प्रकाशन तथा वितरण गर्ने।
- वाचनालयमा प्राप्त हुने पत्रपत्रिकाहरू व्यवस्थित गरी र सर्वसाधारणले सजिलैसँग सेवा पाउन सक्ने व्यवस्था मिलाउने।
- सार्वजनिक बिदा, तिथिमिति तालिका, दिवस र तस्वीरहरू सम्बन्धित निकायबाट लिई चैत्र मसान्तसम्ममा क्यालेन्डर तथा डायरी प्रकाशन गरी वितरणको व्यवस्था मिलाउने।
- विभागबाट समय समयमा प्रकाशन हुने विभिन्न विषयहरूको प्रकाशन तथा वितरणको व्यवस्था मिलाउने।
- नेपालका विभिन्न भौगोलिक क्षेत्र, राष्ट्रिय पर्व तथा विविध विषयमा फोटो संकलन गर्ने।
- विभागबाट प्रकाशन गरिने सामग्रीका लागि आवश्यक तस्वीरको व्यवस्था गर्ने।
- विशिष्ट पदाधिकारी समुपस्थित कार्यक्रमको फोटो खिच्ने, विभिन्न संघ/संस्था वा व्यक्तिको अनुरोध अनुसार फोटो उपलब्ध गराउने तथा डिजिटल फोटो वितरण गर्ने।
- नेपाल भ्रमणमा आउने मित्रराष्ट्रका प्रमुखहरूको औपचारिक कार्यक्रमको फोटोग्राफी गर्ने र एल्बम तयार गरी उपहार दिने।
- विभागबाट खिचिएका फोटोहरू विभागको वेबसाइटमा राख्ने।

- नेपाल सम्बन्धी विविध प्रकारका फोटोहरू नेपालका विभिन्न भौगोलिक क्षेत्रबाट सङ्कलन गरी फोटो बैङ्कमा प्रविष्टि गराउने तथा आवश्यकता अनुसार प्रकाशन गर्ने।

(ग) <u>रेडियो लाइसेन्स व्यवस्थापन शाखा</u>

रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली २०४९ अनुसार देहाय बमोजिमका कार्यहरू गर्ने :-

- रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम सबै प्रकारका रेडियो यन्त्रहरू राख्, प्रयोग गर्न, उत्पादन गर्न र बिक्री-वितरण गर्न र एमेच्योर रेडियो सञ्चालक/कन्ट्रोल अपरेटर हुनका लागि लाइसेन्सको लागि दर्खार्त लिन रेडियो यन्त्रको लाइसेन्स प्रदान गर्न महाशाखा प्रमुख समक्ष पेश गर्ने र निर्णयानुसार लाइसेन्स जारी गर्ने।
- रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम लाइसेन्स प्राप्त व्यक्ति एवं संस्थाहरूलाई आवश्यक रेडियो यन्त्रहरू र उपकरणहरू खरिद गर्न तथा आयात गर्न स्वीकृतिका लागि माग गरेमा निवेदन लिन, निवेदन उपर जाँच-बुझ गरी निर्णयार्थ पेश गर्ने र निर्णयानुसार सिफारिस एवं स्वीकृति प्रदान गर्ने।
- एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लागि पाठ्यक्रम तयार गरी निर्णयार्थ पेश र स्वीकृत पाठ्यक्रम अनुसार लिखित एवं प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने।
- रेडियो लाइसेन्स नवीकरण गर्न, लाइसेन्समा विवरण बदल्ने, रेडियो यन्त्र नामसारी गर्ने, रेडियो यन्त्रहरूको लगत कढ्ठा गर्न निवेदन लिन एवं निर्णयार्थ पेश गर्ने र निर्णयानुसार कार्य सम्पन्न गर्ने।
- रेडियो ऐन/ नियमावली बमोजिम जारी गरिएको लाइसेन्सको प्रतिलिपि निर्णयानुसार दिने।
- नेपाल भ्रमण गर्ने, हिमाल आरोहण गर्ने, चलचित्र/ वृत्तचित्र छायांकन गर्ने आउने विदेशी नागरिक वा संघ-संस्थाहरूले साथमा ल्याउने रेडियो यन्त्र/ सञ्चार उपकरणहरूको अस्थायी लाइसेन्स जारी गर्न दर्खार्त/निवेदन लिन र निर्णयानुसार लाइसेन्स जारी गर्ने र रेडियो यन्त्र/ सञ्चार उपकरणहरूको आयात सिफारिस गर्ने।
- नेपाल भ्रमणमा आउने महत्वपूर्ण व्यक्तित्वहरूको सुरक्षाथी प्रयोग हुने रेडियो यन्त्र/ सञ्चार उपकरणहरूको लागि निर्णयानुसार लाइसेन्स जारी गर्ने र आयात सिफारिस गर्ने सहमति दिने।
- नेपालको सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग) ले प्रयोग गर्ने रेडियो सञ्चार उपकरणहरूको लागि निर्णयानुसार लाइसेन्स जारी गर्ने, लगत कढ्ठा गर्ने, आयात सिफारिस गर्ने।
- नेपालको सुरक्षा निकायहरूबाट विदेशमा शान्ति सेना वा सुरक्षा अभ्यासको लागि जाँदा साथ लिइ जाने रेडियो सञ्चार उपकरणहरूको सिफारिस गर्ने तथा विदेशी सुरक्षा निकायहरू अभ्यासका लागि नेपाल भ्रमणमा आउँदा साथमा लिई आउने उपकरणहरूको लागि निर्णयानुसार लाइसेन्स जारी गर्ने र आयात सिफारिस गर्ने।

- नेपाल सरकारका निकाय एवं कार्यालयहरूका साथै नेपाल स्थित कूटनीतिक नियोगहरूले प्रयोग गर्ने रेडियो सञ्चार उपकरणहरूको लागि निर्णयानुसार लाइसेन्स जारी गर्ने, आयात गर्ने एवं मर्मत गर्नेका लागि सिफारिस गर्ने।
- रेडियो यन्त्र उत्पादन गर्ने कम्पनीका लागि कच्चा पदार्थको रूपमा डिस्ट्रिक्ट (स-साना) उपकरणहरु, Circuit Board लगायतका अन्य उपकरणहरुको आयात गर्न निर्णयानुसार सिफारिस गर्ने तथा आयात पर्शचात निरीक्षण गर्ने।
- रेडियो यन्त्र बिक्री-वितरण गर्ने लाइसेन्स प्राप्त संस्था वा फर्मको लागि रेडियो सञ्चार उपकरणहरुको आयात गर्न निर्णयानुसार सिफारिस गर्ने तथा आयात पश्चात् निरीक्षण गर्ने।
- लाइसेन्स प्राप्त व्यक्ति वा संस्थाले समयमा लाइसेन्स नवीकरण नगरेर लाइसेन्स खारेज भएमा सजाय आदेशको प्रक्रिया गर्ने र निर्णयानुसार लाइसेन्स पुनः जारी गर्ने।
- रेडियो ऐन, २०७४ तथा रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ ले दूरसञ्चारमा प्रयोग हुने बाहेकका अन्य सम्पूर्ण रेडियो फ्रिक्वेन्सी प्रयोग हुने रेडियो यन्त्र/उपकरणको निर्णयानुसार लाइसेन्स प्रदान गर्ने र नियमन गर्ने ।
- लाइसेन्स प्राप्त व्यक्ति वा संस्थाले स्थापना गरेको रेडियो स्टेशनको जडान प्रमाणित गर्ने, बिपरीतका रेडियो यन्त्र नष्ट गरी वा हराएको रेडियो यन्त्रहरू नेपाल प्रहरीको प्रतिवेदनको आधारमा लागत कटा गर्ने, हराएको रेडियो यन्त्र फेला परेमा पुनः लाइसेन्स जारी गर्ने ।
- रेडियो यन्त्र उत्पादन गर्ने कम्पनीले उत्पादन गरेको उपकरणहरू निरीक्षण गर्ने एवं परीक्षण प्रयोग गर्ने, बिक्री-वितरणको अनुमति दिने ।
- नेपाल सरकार एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको निर्णय बमोजिम रेडियो ऐन, २०७४ तथा रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ अनुसार अन्य कार्यहरू सम्पादन गर्ने ।
- भू-सतही टेलिभिजन प्रसारण गर्नको लागि प्रयोगमा रहेको रेडियो यन्त्रहरूको लागत कटा तथा व्यवस्थापन गर्ने ।
- रेडियो ऐन, २०७४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ मा आवश्यक संसोधनका लागि प्रस्ताव तयार गरी श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गर्ने ।
- रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिमका लाइसेन्सहरू एवं राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिमका प्रसारण तथा वितरण प्रणालीका इजाजतपत्र/अनुमतिपत्रहरू सँग सम्बन्धित कागजी टिप्पणी फाइलहरूको विद्युतीय प्रति तयार गर्ने।
- यस विभागमा स्थापित प्रणालीहरू लाई निरन्तर सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने।
- विभागमा स्थापित प्रणालीहरूका विद्युतीय सुरक्षा प्रणालीको प्रबन्ध गर्ने तथा विद्युतीय सुरक्षा जाँच गर्ने।

- यस विभागमा प्रयोगमा रहेको प्रणालीहरूमा नेपाल सरकारका यी र यसै अन्य प्रणालीहरू आवद्धता गराई अझ बढी स्वचालित बनाई विभागको कार्यसम्पादनलाई प्रभावकारी एवं पारदर्शी बनाउने।
- विद्युतीय सार्वजनिक खरिद प्रणालीबाट खरिद प्रक्रियाका कार्यहरूमा सहजिकरण गर्ने।
- प्रविधिको विकास सँग-सँगै विभागमा स्थापित प्रणालीहरूमा आवश्यक परिमार्जन सहित सुधार गर्दै जाने।
- विभागका अन्य शाखाहरूका कार्यहरूमा प्राविधिक सहयोग गर्ने।
- Multi-viewer Streaming & Monitoring System को समयानुकूल स्तरोन्ती गर्ने।
- CAS/SMS Monitoring System को समयानुकूल स्ट्रोतेन्ती गर्ने।
- प्रसारण सँग सम्बन्धित विश्व जगतमा भई रहेको नवीनतम प्रविधिको प्रयोगको बारेमा नेपाल सरकारलाई नीति नियम बनाउन सल्लाह/सुझाव दिने ।
- प्रसारण संस्थाहरूको Content Quality मापन गर्न आवश्यक पूर्वाधार तयार गरी सञ्चालन गर्ने।
- सबै प्रकारका रेडियो स्टेशनहरुको रेडियो स्पेक्ट्रक मापकहरु (RF Parameters) को मापन गर्ने पूर्वाधारहरु अद्यावधिक गर्ने।

(घ) प्रसारण शाखा

राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ अनुसार देहाय बमोजिमका कार्यहरू गर्ने :-

- राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम केवल टेलिभिजन, स्टाटेलाइट टेलिभिजन, फ्रिक्वेन्सी मोडुलेशन प्रणाली र अन्य सञ्चार माध्यम (स्टेटलाइट रेडियो, एम. एम. डि. एस., डि.टि.टि.बी., आइ.पी.टि.बी., अनलाइन टेलिभिजन, अनलाइन रेडियो, ओ.टि.टि., मि.ओ.डी.) द्वारा प्रसारण गर्ने प्रसारण केन्द्र स्थापना गरी कार्यक्रमहरू प्रसारण गर्ने तथा डिजिटल सिग्नल प्रयोग गरी प्रसारण संस्थाहरूका कार्यक्रम वितरण गर्नेको लागि इजाजतपत्र/अनुमतिपत्रको लागि दरखास्त/निवेदन लिने र निर्णयानुसार इजाजत/अनुमतिपत्र जारी गर्ने तथा प्रसारण संस्थाहरूको कलसाइनको अभिलेख राखे ।
- प्रसारण संस्थाहरूका कार्यक्रम वितरण गर्ने डिजिटल प्रणालीमा परिवर्तन गर्ने निर्णयानुसार स्वीकृति दिने र त्यसका लागि आवश्यक उपकरणहरू सिफारिस गर्ने ।
- राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति एवं संस्थाहरूलाई आवश्यक रेडियो यन्त्रहरू र उपकरणहरू खरिद गर्ने तथा आयात गर्ने स्वीकृति प्रदान गर्ने।
- भू-उपग्रह केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने, विदेशी प्रसारण संस्थाको कार्यक्रम डाउनलिङ्क गर्ने, सिग्नल वितरण गर्ने निवेदन/दरखास्त लिने तथा निर्णयानुसार इजाजत/अनुमतिपत्र जारी गर्ने।

- इजाजत/अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रसारण प्रारम्भ गर्ने अवधि थप गर्ने निवेदन लिने तथा आवश्यक जाँच बुझ्ने गरी निर्णयानुसार अवधि थप गर्ने।
- इजाजत/अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाको निरीक्षण गरी निर्णयानुसार नियमित प्रसारणको स्वीकृति प्रदान गर्ने ।
- कार्यक्रम एवं विज्ञापन प्रसारण गर्ने समय उपलब्ध गराउने।
- सबै प्रकारका प्रसारण तथा वितरण सम्बन्धी इजाजतपत्र तथा अनुमतिपत्रको अवधि थप र नवीकरण गर्ने, इजाजत/अनुमतिपत्रको विवरण बदल्ने, प्रसारण क्षमता वृद्धि गर्ने तथा इजाजतपत्र तथा अनुमतिपत्रको प्रतिलिपि जारी लगायतका कार्यहरू निर्णयानुसार गर्ने।
- विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) वा विदेशी कार्यक्रमको प्रत्यक्ष प्रसारणको लागि स्वीकृति प्रदान गर्ने।
- विदेशी संस्थासँग सम्झौता गरी विदेशी मुद्रा पठाउनुपने हकमा पूर्वस्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने।
- यस विभागबाट इजाजतपत्र/अनुमतिपत्र/स्वीकृति प्राप्त संस्थाहरूको हकमा विदेशी मुद्राको सटही सुविधाको लागि सिफारिस गरी मन्त्रालयमा पठाउने।
- राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा आवश्यक संशोधनका लागि प्रस्ताव तयार गरी श्री सूचना तथा सञ्चार मन्त्रालयमा पेश गर्ने।
- राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली,२०५२ बमोजिमका सम्पूर्ण इजाजतपत्र/अनुमतिपत्रहरू समयमा नवीकरण नगरेर खारेज भएको खण्डमा सजाय-आदेशको प्रारम्भिक प्रक्रिया गरी श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाउने।
- प्रसारण सम्बन्धि ऐन/कानून नबनाएको स्थानीय तहहरू र प्रदेशहरूका लागि एफ.एम रेडियो र केवल टेलिभिजनको इजाजतपत्र जारी, नवीकरण लगाएका सम्पूर्ण कार्यहरू गर्ने।
- स्थानीय तहहरू र प्रदेशहरूबाट जारी भएको एफ.एम रेडियो र केवल टेलिभिजनको इजाजतपत्र प्राप्त संस्थाहरू अनुगमन गर्ने ।
- इजाजतपत्र/अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाहरूबाट नियमानुसारको प्रसारण तथा वितरण शुल्क संकलन गर्ने ।
- इजाजतपत्र/अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाहरूले इजाजतपत्र/अनुमतिपत्र रद्द गर्नको लागि निवेदन दिएमा निर्णयानुसार रद्द गर्ने ।
- भू-सतही टेलिभिजन प्रसारणको इजाजतपत्र प्राप्त संस्थाहरूको हकमा माग गरे बमोजिम अन्य टेलिभिजन प्रणालीमा निर्णयानुसार परिवर्तन गर्ने ।
- प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न वा तोकेको संस्थालाई तिनूपर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने व्यक्ति वा संस्थाबाट तिनूपर्ने शुल्क निर्धारण गर्न आवश्यक कार्य गर्ने ।

- प्रसारण तथा रेडियो यन्त्रसंग सम्बन्धित संस्थाहरूको नियमित निरीक्षण तथा अनुगमन गर्न योजना तर्जुमा गर्ने तथा यस विभागमा कार्यरत सम्पूर्ण प्राविधिक कर्मचारीहरूको सहयोगमा कार्यान्वयन गर्ने।
- प्रसारण (एफ.एम., टेलिभिजन) एवं वितरण संस्थाहरू (Digital Cable, MMDS, DTTB, IPTV, OTT, VOD, DTH, Network) को प्राविधिक जडान प्रमाणित गरी नियमित प्रसारणको लागि सिफारिस गर्ने ।
- रेडियो स्टेशन (रेडियो यन्त्रको लाइसेन्स प्राप्त संस्था) को प्राविधिक जडान प्रमाणित गर्ने ।
- प्रसारण तथा रेडियो स्टेशनहरूको नियमित अनुगमन गर्ने ।
- विभागको सिफारिसपश्चात् आयात गरेको रेडियो यन्त्रहरूको निरीक्षण गर्ने ।
- विभागको स्वीकृतिपश्चात् खरिद गरेको रेडियो यन्त्रहरूको निरीक्षण गर्ने ।
- रेडियो यन्त्र उत्पादनको लाइसेन्स प्राप्त संस्थाले उत्पादन गरेको रेडियो यन्त्रहरूको परीक्षण गरी बिक्रि वितरणको लागि सिफारिस गर्ने ।
- Multi-viewer Streaming & Monitoring System प्रयोग गरी विदेशी प्रसारण संस्थाहरू कार्यक्रम विज्ञापनरहित (Clean Feed) भए-नभएको र स्वदेशी तथा विदेशी प्रसारण संस्थाबाट प्रसारित कार्यक्रमहरूको अनुगमन तथा नियमन गर्ने ।
- Multi-viewer Streaming & Monitoring System प्रयोग गरी दैनिक र आवधिक प्रतिवेदन तयार गर्ने र प्रतिवेदनका आधारमा नियमनका प्रक्रिया गर्ने ।
- CAS/SMS Monitoring System को सञ्चालन गरी वितरण प्रणालीहरू Digital Cable Operator, Local Cable Operator, IPTV, OTT, MMDS, DTH र DTTB को CAS/SMS को उचित प्रयोगको अवस्थाको अनुगमन, अवलोकन र नियमन गर्ने ।
- वितरण प्रणालीहरू Digital Cable Operator, Local Cable Operator, IPTV, MMDS, DTH र DTTB को CAS/SMS बाट Real-time सक्रिय ग्राहक संख्या (Active Users) र Set Top Boxes को लागत अध्ययन गर्ने ।
- प्रसारण एवं वितरण संस्थाहरूको वार्षिक प्राविधिक सम्परीक्षण गर्ने ।
- इज़ाजतपत्र/अनुमतिपत्र लिई/नलिई प्रसारण भई राखेको संस्थाहरूको समेत Real Time नियमन गर्ने।
- प्रसारणसँग सम्बन्धित विश्व जगतमा भई राखे नवीनतम प्रविधिको प्रयोगको बारेमा नेपाल सरकारलाई नीति नियम बनाउन सल्लाह/सुझाव दिने ।
- प्रसारण संस्थाहरूको Content Quality सम्बन्धी विश्व जगतमा भई रहेको Standard को पालना गर्न लगाउने ।
- Mobile FM Radio Analyzer प्रयोग गरी एफ. एम. रेडियो स्टेशनको रेडियो स्पेक्ट्रम मापकहरू (RF Parameters) नियमित जाँच (Validates) गर्ने ।

- Portable Radio Frequency Spectrum Monitoring System प्रयोग गरी सबै प्रकारका रेडियो स्टेशनहरूको रेडियो स्पेक्ट्रम मापकहरू (RF Parameters) नियमित जाँच (Validates) गर्ने ।
- निरीक्षण तथा अनुगमन गर्दा नियम विपरित प्रयोग भएको देखिएका यन्त्र/उपकरणहरू नियन्त्रणमा लिन सक्ने वा प्रयोग गर्न नसक्ने गरी व्यवस्थापन गर्न सक्ने ।
- रेडियो यन्त्रहरू र स्टेशनहरूको ऐन/नियमानुसार प्रयोग भए/नभएको निरीक्षण/अनुगमन कार्यहरूमा गर्ने तथा प्रतिवेदन तयार गर्ने ।
- प्रसारण केन्द्रहरू तथा वितरण प्रणालीहरू ऐन/नियमानुसार प्रयोग भए/नभएको निरीक्षण/अनुगमन कार्यहरू गर्ने ।
- रेडियो यन्त्रको नष्ट गरी लागत कटा गर्न सिफारिस गर्ने र इलेक्ट्रोनिक फोहर (Electronic Waste) व्यवस्थापन गर्ने ।
- स्थानीय तहहरू र प्रदेशहरूबाट जारी भएको एफ. एम. रेडियो र केवल टेलिभिजनको इजाजतपत्र प्राप्त संस्थाहरूको आवश्यकता अनुसार अनुगमन गर्ने ।
- इलेक्ट्रोनिक फोहर (Electronic Waste) व्यवस्थापन गर्न प्रणाली स्थापना गरी सञ्चालन गर्ने ।
- प्रसारण क्षेत्रमा प्रयोग हुने प्रविधि र दुरसञ्चार बाहेकका अन्य सबै प्रविधिहरूको अध्ययन गर्ने ।

(ङ) आर्थिक प्रशासन शाखा

- स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन तथा अनुगमन गर्ने र कार्यक्रम तथा सालबसाली खर्चको आधारमा बजेट तर्जुमा गर्ने।
- अख्तियारी प्राप्त गर्ने, आम्दानी बाँध्ने र प्रचलित कानून बमोजिम खर्च गर्ने।
- विनियोजन, राजश्व तथा धरौटी खाता सञ्चालन गर्ने।
- आर्थिक प्रशासन सम्बन्धी नियमावली तथा सम्बन्धित ऐन नियम बमोजिम खर्च गर्ने।
- तोकिए बमोजिम लगत तथा प्रतिवेदनहरू पठाउने।
- कोष तथा लेखा नियन्त्रणको कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराउने।
- महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने।
- बेरुजुको लगत किताब राखी फछ्यौंट गर्ने गराउने।
- विभागमा प्राप्त भएका धरौटी तथा राजश्व रकम आम्दानी बाँध्ने।
- सरकारी सम्पत्तिको अभिलेख राख्ने।
- पत्रकार बीमा सम्बन्धी कार्य गर्ने।
- आर्थिक प्रशासनसँग सम्बन्धित अन्य कामकाज गर्ने।

नेपाल सरकार
योजना तथा सञ्चार मन्त्रालय
योजना तथा प्रसारण विभाग

५. सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारी र सम्बन्धित शाखा प्रमुख

क्र.सं.	शाखा	कर्मचारीको नाम	पद	कैफियत
१	प्रशासन शाखा	श्री तारा ज्ञवाली	निर्देशक	
		श्री काजीमान सुनार	शाखा अधिकृत	
		श्री परशुराम उपाध्याय	शाखा अधिकृत	
		श्री प्रतिक्षा के.सी.	कानून अधिकृत	
२	प्रकाशन तथा फोटोग्राफी शाखा	श्री	निर्देशक	
		श्री शान्ति लामा	शाखा अधिकृत	
		श्री प्रवीण श्रेष्ठ	छविकार	
		श्री पार्वती थापामगर	कम्प्यूटर ईन्जिनियर	
		श्री सुमनचन्द्र रौनियार	छविकार	
३	प्रसारण शाखा	श्री रविन कुमार चापागाइँ	निर्देशक	
		श्री मनिषा शर्मा	इलेक्ट्रोनिक्स इन्जिनियर	
		श्री भरत दानकोटी	इलेक्ट्रोनिक्स इन्जिनियर	
		श्री अशोक चौधरी	इलेक्ट्रोनिक्स इन्जिनियर	
४	रेडियो लाइसेन्स व्यवस्थापन शाखा	श्री	निर्देशक	
		श्री नवराज बानिया	इलेक्ट्रोनिक्स इन्जिनियर	
		श्री श्रीजन सिं सिल्वाल	इलेक्ट्रोनिक्स इन्जिनियर	
५	आर्थिक प्रशान शाखा	श्री रमेश भण्डारी	लेखा अधिकृत	



६. सेवा प्राप्त गर्न नियमानुसार लाग्ने दस्तुर र अवधि

क्र. सं.	विवरण	लाग्ने रकम (रु.)
१	विदेशी नागरिकको लागि स्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र नयाँ/नवीकरण	१५००
२	सञ्चार प्रतिष्ठानका अध्यक्ष/प्रकाशक	१०००
३	विदेशी तथा स्वदेशी नागरिकको लागि अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र, सञ्चार प्रतिष्ठानका प्रबन्ध निर्देशक, व्यवस्थापक, व्यवस्थापकीय प्रमुख आदि ।	९००
४	स्वतन्त्र पत्रकार परिचयपत्र	६००
५	प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त विदेशी नागरिकको परिवारका ८ वर्ष नाघेका सदस्यलाई प्रतिव्यक्ति	५००
६	प्रेस प्रतिनिधि प्रमाणपत्र स्वदेशी नयाँ	३००
७	प्रेस प्रतिनिधि प्रमाणपत्र म्याद सकिएको (३५ दिनसम्म)	५०
८	प्रेस प्रतिनिधि प्रमाणपत्र म्याद सकिएको (४ महिना ५ दिनसम्म)	१००
९	प्रेस प्रतिनिधि प्रमाणपत्र म्याद सकिएपछिको ४ महिना ५ दिनपछि को असार मसान्तसम्म	२००
१०	प्रेस प्रतिनिधि प्रमाणपत्रको प्रतिलिपि (रातो)	१००
११	पत्रकार परिचय पत्रको प्रतिलिपि	५०
१२	अनुभव प्रमाणित, संस्था परिवर्तन, सिफारिश	१००
१३	अनलाइन सञ्चारमाध्यम दर्ता	५०००
१४	अनलाइन सञ्चारमाध्यम नवीकरण	२५०० (समयानुसार थप दस्तुर समेत लाग्ने)

७. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए त्यस्तो नागरिक सूचना अधिकारी विरुद्ध कार्यालय प्रमुख समक्ष जानुपर्नेछ। कार्यालय प्रमुख समक्ष उजुरी परेको सात दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ। सात दिन भित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन्।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा २४ बमोजिम श्रमजिवी पत्रकारहरुले आफू कार्यरत सञ्चार प्रतिष्ठानबाट सो ऐन नियममा तोकिएको सेवा सुविधा नपाएको सम्बन्धमा प्रेस रजिष्ट्रार समक्ष निवेदन दिने र प्रेस रजिष्ट्रारले विवाद समाधान गर्दा अपनाउने कार्यविधि पूरा गरी सोही ऐनको दफा ३४ बमोजिम निर्णय गर्ने गरिएको छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

महानिर्देशक

९. विभागले सम्पादन गरेको कामको विवरण

विभागले २०८३/८४ को साउनदेखि असारसम्म सम्पादन गरेका प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन्।

क्र.सं.	कार्यक्रम/ क्रियाकलाप	प्रगति विवरण	कैफियत
१.	द्वैमासिक पत्रिका प्रकाशन	• साउन-भदौ अंक उद्योग वाणिज्य तथा नवप्रवर्तन विषय समेटी प्रकाशन भएको।	

२०८३/८४ का तथ्याङ्कीय विवरणहरु

सम्पादन भएका कार्यहरू	२०८३ साउन १ गतेदिख असोज मसान्तसम्म
प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण	७१३
प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण	१२७२
अनलाइन सञ्चारमाध्यम दर्ता	९५
अनलाइन सञ्चारमाध्यम नवीकरण	४५८
पत्रपत्रिका अस्थायी दर्ता सिफारिस	१६
पत्रपत्रिका स्थायी दर्ता सिफारिस	१२
<u>इजाजत तर्फका नवीकरण संख्या</u>	
Cable TV -	१५
Satellite TV -	५१
Terrestrial TV -	४
FM Radio –	३१५
IPTV-	४
downlink	९१
Signal Distributor	३
<u>इजाजतपत्र जारी संख्या</u>	
FM Radio	०
Satellite TV	०
Signal Distributor	०

online TV-1 downlink	०
लाइसेन्स तर्फका नवीकरण संख्या	
FM Transmiter -	५५०
HF/VHF/UHF(वाकी-टकी)-	३८४
Radio equipment sales and Distribution -	७५
Satellite Receiving system/satellite communication system, Sat TV	९९
Other -	१५
Amateur Radio	३७
लाइसेन्स तर्फ जारी संख्या	
Sales and Distribution	३
Satellite TV	०
HF/VHF/UHF	१
Amateur	१०
FM	२
रेडियो यन्त्र संख्या	
आयात सिफारिस संख्या -	८
नियमित प्रसारणको स्वीकृति-	०
प्राविधिक निरीक्षण -	४
विवरण परिवर्तन	२
प्रतिलिपि जारी	४
उपकरण थप	४
सजाय आदेश	१
फोटोग्राफी	
राष्ट्रपति कार्यालयमा भएका विभिन्न कार्यक्रम तथा माननीय मन्त्रीज्यूको नियमित प्रेसमिट तथा अनुगमन	२

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना तथा प्रसारण विभाग

१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

सूचना अधिकारी	कार्यालय प्रमुख
काजीमान सुनार	अनुप नेपाल
शाखा अधिकृत	नि.महानिर्देशक

११. विभागको कार्य सम्पादनसँग सम्बद्ध ऐन,नियम, निर्देशिका तथा कार्यविधिः

१. राष्ट्रिय आम सञ्चार नीति, २०७३
२. छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८
३. श्रमजीवीपत्रकार सम्बन्धी ऐन, २०५१
४. राष्ट्रिय प्रसारण ऐन, २०४९
५. रेडियो ऐन, २०१४
६. सूचनाको हक सम्बन्धी ऐन, २०६४
७. प्रेस काउन्सिल ऐन, २०४८
६. छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली, २०४९
७. श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३
८. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९
९. राष्ट्रिय प्रसारण नियमावली, २०५२
१०. सूचनाको हक सम्बन्धी नियमावली, २०६५
१२. द्वन्द्वपीडित पत्रकार कल्याण कोष निर्देशिका, २०७०
१३. पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका, २०७०
१४. पत्रकारिता अनुदान सहयोग सम्बन्धी निर्देशिका, २०६६
१५. श्रमजीवी पत्रकार सम्बन्धी ऐन बमोजिम प्रेस रजिष्ट्रारले उजुरीउपरका कारबाही तथा विवाद समाधान गर्दा अपनाउने कार्यविधि, २०७१
१६. प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र) वितरण कार्यविधि, २०७१
१८. पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४
१९. बिद्युतीय आम सञ्चार माध्यमहरूलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरणको मापदण्ड निर्देशिका, २०६६
२०. पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५



१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

राजस्वको विवरण २०८३/८४ साउनदेखि असोजमसान्तसम्मको राजश्व आम्दानी

राजस्व आम्दानी	७१,५६,६०७.७८/-

१३. आर्थिक वर्ष २०८३/८४ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु तर्फ

(रु हजारमा)

ब.उ.शी.न.	निकाय	खुद बजेट	खर्च	प्रतिशत
३५८०२०११३	सूचना तथा प्रसारण विभाग	३८२.०५	९३.५९	२४.५

पूँजीगत तर्फ

(रु हजारमा)

ब.उ.शी.न.	निकाय	खुद बजेट	खर्च	प्रतिशत-
३५८०२०११४	सूचना तथा प्रसारण विभाग	२४	०	-

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना तथा प्रसारण विभाग

२०८३/०५/२०/१९

(कजिमान सुनार)
शाखा अधिकृत एवं सूचना अधिकारी